# कृषि तथा वन विज्ञान विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
## चितवन, नेपाल

## सूची दर्ता गराउने सम्वन्धी सूचना

*प्रकाशित मितिः २०७३/०३/१७*

यस विश्वविद्यालय अन्तर्गतका कार्यालय तथा निकायहरुलाई आ.ब.२०७३/०७४ को लागि आवश्यक पर्ने विभिन्न सामान तथा सेवाहरु आपुर्ति गराउन ईच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सुची (दरभाउपत्र सहितको स्टान्डिङ्ग लिष्ट) दर्ता गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु १०/- को टिकट टांसी यस विश्वविद्यालयमा रितपूर्वकको आवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस विश्वविद्यालयको केन्द्रीय कार्यालयमा सर्म्पक राख्न राख्न सकिनेछ ।

**खरिद तथा आपुर्तितर्फः**

१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) सप्लाई सम्वन्धी ।

२. ईलेक्ट्रोनिक्स / ईलेक्ट्रीकल उपकरण एवं सामानहरु सप्लाई तथा मर्मत सम्वन्धी ।

३. सेनेटरी सामानहरु सप्लाई तथा मर्मत सम्वन्धी ।

४. छपाई सम्बन्धी ।

५. विज्ञापन/सूचना प्रकाशन सम्वन्धी ।

६. भौतिक पूर्वाधार तथा परामर्श सेवा सम्वन्धी ।

७. निर्माण सामाग्रीहरु सप्लाई सम्वन्धी ।

८. भवन तथा खानेपानी निर्माण तथा मर्मत संभार सम्वन्धी ।

९. फर्निचर तथा फर्निसिङ्गका सामानहरु सप्लाई तथा मर्मत सम्वन्धी ।

१०. विभिन्न गाडी तथा मोटर पार्टपुर्जाहरु सप्लाई र मर्मत सम्वन्धी ।

११. पशुपंक्षीको दानाको कच्चा पदार्थ सप्लाई सम्वन्धी ।

१२. पशु पंक्षीको दाना सप्लाई सम्वन्धी ।

१३. पशु औषधि, भ्याक्सीन आदि सप्लाई सम्वन्धी ।

१४. मल, बीउबीजन, कीटनाशक औषधि आदि सप्लाई सम्वन्धी ।

१५. ल्यावमा प्रयोग हुने केमिकल्स र ग्लासवेयर आदि सप्लाई सम्वन्धी ।

१६. कृषि औजारहरु सप्लाई सम्वन्धी ।

दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:

१. फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपि ।

२. स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिवृद्धिकरमा दर्ता हुनु नपर्नेको हकमा सोको आधिकारिक कागजातको प्रमाणित प्रतिलिपी ।

३. आ.व. आयकर र मुल्य अभिवृद्धि कर २०७१/०७२ करचुक्ता गरेको प्रतिलिपि ।

शर्तहरु:

१. म्याद नाघी पेश भएको, आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कारवाही हुने छैन ।

२. सूचिकृत भएको विक्रेता फर्म वा कम्पनीहरुबाट कार्यालयको आवश्यकता अनुसारको सामान वा सेवा खरिद गर्न सकिनेछ ।

३. उपरोक्त कार्यका लागि छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ ।

४. कम्पनी फर्म वा संस्था सूचिकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५ सूचिकृत भएका फर्महरुले सन्तोषजनक सेवा तथा काम नगरेमा सूचिकृतबाट नाम हटाउन सकिनेछ । यस उपर कुनै दावी विरोध गर्न पाइने छैन ।

६. सूचिकृत भएका फर्महरुको नामावली यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।



प्रा.डा. नव राज देवकोटा
नि. रजिष्ट्रार